ट्रान्सपरेन्सी इन्टरनेशनल-नेपाल
**TRANSPARENCY INTERNATIONAL-NEPAL**
P.O. Box 11486, 60 New Plaza Marga, Putalisadak, Kathmandu, Nepal
Tel : 4420412, 4436462 Fax : 4420412 e-mail : trans@tinepal.org
www.tinepal.org

*ट्रान्सपरेन्सी इन्टरनेशनलद्वारा जारी*
*प्रेश बक्तब्यको सहायक सामाग्री*

## गत बर्ष भ्रष्टाचार नियन्त्रणमा केहि प्रगतिः ट्रान्सपरेन्सी

असोज ७, काठमाण्डौं : भ्रष्टाचार विरोधी अन्तराष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेसनल (टि.आई.) द्वारा आज विश्वभर सार्वजनिक गरिएको भ्रष्टाचार अवधारणा सुचकाङ्क २००८ (Corruption Perception Index (CPI) 2008) बाट गत बर्ष (२०६४/०६५) नेपालमा भ्रष्टाचार केहि घटेको देखिन्छ । सन् २००५, २००६ र २००७ मा '१०' मध्ये '२.५' अंङ्क पाएको नेपालले सन् २००८ मा '२.७' पाएको छ । १८० देशहरुमध्ये अघिल्लो सूचिमा १३१ औं स्थानमा रहेको नेपाल यस पटक १२१ औं स्थानमा रहन सफल भएको छ । सुचकांङ्कमा नेपालको स्थितिमा केही प्रगति भएको देखिएतापनि '३.०' अंक भन्दा कम अंङ्क पाउने मुलुकलाई भ्रष्टाचार व्याप्त मुलुकमा गणना गरिनेहुँदा सन्तोष लिने ठाउँ छैन ।

नेपाल सम्बन्धी उक्त सूचकांङ्क ट्रान्सपरेन्सी इन्टरनेशनलद्वारा सन् २००७ र २००८ (२०६४/०६५) मा गरिएका ६ अन्तरराष्ट्रिय सर्भेक्षणहरुमा आधारित छ । एशियाली बिकाश बैंक, वर्ल्सटसम्यान फाउन्डेसन, विश्व बैंक, मर्चेन्ट ग्रुप, ग्लोबल इनसाइट र डब्लु.इ.एफ. द्वारा आफ्ना कर्मचारी, विज्ञ, स्थानीय संवाददाता र व्यापारीहरुवीच शुशासन र भ्रष्टाचार सम्बन्धी गरिएका सर्वेक्षणहरुका आधारमा नेपालको स्कोर '२.७' रहेको हो । ती संस्थाहरुद्वारा सर्वेक्षणमा नेपालको सार्वजनीक क्षेत्रमा भ्रष्टाचार, भ्रष्टाचारको मात्रा, भ्रष्टाचार विरोधी कारवाही र उपलब्धि, स्वार्थको द्वन्द, सरकारी कारवाही र नियन्त्रणकारी क्षमता, प्रशासनिक भ्रष्टाचार, राजनैतिक भ्रष्टाचार, आयात/निर्यातमा घुसखोरी र कर, ठेक्का, सेवामा अनियमितताबारे अध्ययन गरिएको थियो ।

१८० देशहरु संलग्न गरिएको सो सुचकांङ्कमा '१०' अंकले न्युन भ्रष्टाचार र '०' अंकले अधिकतम भ्रष्टाचार जनाउँदछ । यो वर्षको सूचिमा डेनमार्क, न्युजिल्याण्ड र स्वीडेन ९.३ अंक प्राप्त गरी सबैभन्दा स्वच्छ मुलुकको श्रेणीमा रहेका छन् । एशियाली राष्ट्र सिङ्गापुर '९.२' अंङ्क प्राप्त गरी सूचीमा दोश्रो स्थानमा रहेको छ । अफ्रिकी मुलुक सोमालिया अंक '१.०' प्राप्तगरी सबैभन्दा वढी भ्रष्ट मुलुकमा सूचीकृत भएको छ ।

दक्षिण एशियाली राष्ट्रहरुमध्य सबभन्दा स्वच्छ भुटानले ५.२, भारतले ३.४, श्रीलंकाले ३.२, नेपालले २.७, पाकिस्तानले २.५, बंगलादेशले २.१ र अफगानिस्तानले १.५ अंक पाएका छन् । दक्षिण एशियामा विगतमा झैं यस बर्ष पनि सार्वजनिक क्षेत्रमा नेपाल भन्दा वढी भ्रष्टाचार हुने देशमा पाकिस्तान, बंगलादेश र अफगानिस्थान छन् ।

"गतवर्ष राजनैतिक संक्रमणकालमा प्रमुख राजनीतिक दलहरुवीच अन्य एजेन्डाको तुलनामा भ्रष्टाचार नियन्त्रणले आवश्यक महत्व पाएको भए नेपालको स्थितिमा अपेक्षित प्रगति हुन सक्ने थियो" टी.आई.नेपालका अध्यक्ष दामोदर प्रसाद गौतम भन्नुहुन्छ । प्रेस विज्ञप्तिमा सूचकाङ्कमा देखिएको नेपालको नाजुक स्थितिले भ्रष्टाचार नियन्त्रण यथाशीघ्र राष्ट्रीय राजनीतिक मुद्दा बन्नुपर्छ भन्ने ट्रान्सपरेन्सी नेपालको माग छ । 'भ्रष्टाचार नियन्त्रणको लागि राजनैतिक इच्छा, स्वच्छ न्याय, दण्डहीनता नियन्त्रण, ऐन/कानुनमा सुधार र महासन्धि अनुमोदन जस्ता विषयवस्तुमा सरकार र संविधानसभाको यथाशीघ्र ध्यान जानु पर्दछ' अध्यक्ष गौतम भन्नुहुन्छ ।

'गरिव राष्ट्रहरुमा जीवन र मरण बीचको फरक भ्रष्टाचारले तय गर्दछ । जब अस्पताल र पिउने पानी जस्ता आधारभूत सेवाहरु पाउनका लागि पैसाको लेनदेन हुन्छ तव मानवीय संकट पैदा हुन्छ' ट्रान्सपरेन्सी इन्टरनेसनलका अध्यक्ष युगेट लवेला भन्नुहुन्छ' गरिव राष्ट्रहरुमा विगतका भ्रष्टाचारका कारण पानी र सफाई सम्बन्धी सहश्राव्दि विकास लक्ष्यहरु प्राप्त गर्न थप ५० अरव डलर खर्च गर्नुपर्ने देखिएकाले दातृ निकायहरुले सुशासन र अनुगमनकारी संस्थाहरु सशक्त वनाउने र आफ्ना सहयोग दुरुपयोग हुनबाट रोक्नेतर्फ सचेत हुनु अति नै जरुरी छ ।

नवनियुक्त प्रधानमन्त्री र अर्थमन्त्रीलाई हालैमात्र ट्रान्सपरेन्सीद्वारा भ्रष्टाचार नियन्त्रण सम्बन्धी विविध सुझावहरु प्रस्तुत गरिएकोवारे वक्तव्यमा उल्लेख गरिएको छ । सरकार गम्भीर भए आगामी वर्ष नेपालमा भ्रष्टाचार नियन्त्रण सम्बन्धी कार्यमा प्रगति हुने कुरामा ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल विश्वास गर्दछ ।

आशिष थापा
कार्यकारी निर्देशक

# ट्रान्सपरेन्सी इन्टरनेशनल-नेपाल
# TRANSPARENCY INTERNATIONAL-NEPAL
P.O. Box 11486, 60 New Plaza Marga, Putalisadak, Kathmandu, Nepal
Tel : 4420412, 4436462 Fax : 4420412 e-mail : trans@tinepal.org
www.tinepal.org

सेप्टेम्बर २३, २००८

## न्यूनआए भएका मुलकमा जरागाडी बसेको उच्च भ्रष्टाचारनै वर्तमान मानवीय विपत्ति हो ।

## अति विपन्न मुलुकमा भ्रष्टाचार भन्नुनै जीवन र मृत्युको सम्वन्ध हो ।

- **सन् २००८ को सार्वजनिक क्षेत्रको भ्रष्टाचार**
  - CPI ले सार्वजनिक क्षेत्रको भ्रष्टाचारको मापन गर्छ,
  - यस वर्ष १८० मुलुकको भ्रष्टाचारको मापन गरिएको छ,
  - मापनमा ० देखि १० अंक सम्म प्रयोग गरिन्छ, अर्थात अतिभ्रष्ट मुलुकले ० र अतिस्वच्छले १० अंक प्राप्त गर्छ ।
  - नेपालले सन् २००४ मा २.८ अंक प्राप्त गरेको थियो भने २००५, २००६, २००७ मा २.५, र २००८ मा २.७ अंक प्राप्त गरेको छ,

- **भ्रष्टाचारका कारण**
  - कमजोर नागरिक समाज,
  - कमजोर सार्वजनिक निकाय,
  - भ्रष्ट न्यायप्रणाली,
  - अप्रभावी संसदीय समिति,
  - धनी राष्ट्र आफ्ना निजीक्षेत्र उपरको कमजोर नियमन,

- **भ्रष्टाचार रोकथामको उपाय**
  - सशक्त सुपरिवेक्षण,

- **भ्रष्टाचार नियन्त्रणको प्रभाव,**
  - भ्रष्टाचारमा १ प्रतिशत प्वाइण्ट सुधार भएमा GDP मा ०.५ प्रतिशत पूँजी प्रवाह बढ्छ, र औसत आय ४ प्रतिशतले,

- **दोहोरो चरित्र**
  - संगठित क्षेत्रको घूसले विकसित देशको दोहोरो चरित्रलाई उजागर गर्छ,
  - विकसित देशका संगठित क्षेत्रले समुन्द्रपारीका मुलकमा काम पाउन र संचालन गर्न पैसाको प्रयोग गर्छन्,
  - सम्पन्न मुलुकको दोहोरो भूमिकाले भ्रष्टाचारविरुद्धको उनीहरुको आवाज र संकल्पलाई कमजोर बनाएको छ,

- **भ्रष्टाचार विरुद्धको संघर्ष सामाजिक अनुबन्ध**
  - भ्रष्टाचार विरुद्धको सशक्त संघर्षको लागि नागरिक समाज, भ्रष्टाचार नियन्त्रणका लागि सिर्जित सार्वजनिक निकाय, न्यायपालिका र सञ्चारको प्रभावकारी भूमिकाको अतिरिक्त समुचित कानूनी पूर्वाधार र सर्वपक्षीय निगरानीको आवश्यकता छ। यो काम सशक्त सामाजिक अनुवन्ध गरेर गर्न सकिन्छ ।

- **अध्ययनका आधार**
  - मंन्त्रीदेखि बहिदारसम्म ब्याप्त भ्रष्टाचारको स्थिति,
  - स्वार्थको द्वन्द्व,
  - श्रोतको अपचलन,
  - भ्रष्टाचार विरोधी प्रयासको निस्तेजीकरण,
  - भ्रष्टाचार दण्डित गर्ने सरकारको क्षमता,
  - भ्रष्टाचार फैलिन नदिन सरकारको क्षमता